"(२) जग्गा (नाप जाँच) ऐन, २०१९ बमोजिम नाप नक्शा भएको जग्गा दर्ता गर्नसम्म छूट भएकोमा उक्त जग्गाको साबिक दर्ता, तिरो र भोगका सम्बन्धमा समेत आवश्यक छानबीन गरी तोकिएको समितिको सिफारिशमा मालपोत कार्यालयले दर्ता गर्न सक्नेछ ।"

(२) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः–

"(२क) कुनै जग्गाको नाप नक्शा भई दर्ता गर्नसम्म छूट भएकोमा त्यस्तो जग्गा दर्ताको लागि निवेदन परेको मितिले दुई वर्षभित्र मालपोत कार्यालयले आवश्यक कारवाही गरी अन्तिम टुंगो लगाईसक्नु पर्नेछ ।"

लालमोहर सदर मितिः– २०४५।६।२६।४

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४५ सालको ऐन नं. ८

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## राष्ट्रऋण उठाउने अधिकारको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः आर्थिक वर्ष २०४५।४६ को निमित्त श्री ५ को सरकारको अर्थसम्बन्धी प्रस्तावहरूलाई कार्यान्वयन गर्न श्री ५ को सरकारले राष्ट्रऋण उठाउन सक्ने अधिकारको व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

१.१ यस ऐनको नाम "राष्ट्रऋण उठाउने ऐन, २०४५" रहेको छ ।

१.२ यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. राष्ट्रऋण उठाउने अधिकारः

२.१ आर्थिक वर्ष २०४५।४६ को निमित्त श्री ५ को सरकारको अर्थसम्बन्धी प्रस्तावहरूलाई कार्यान्वयन गर्न श्री ५ को सरकारले हाल तिर्न बाँकी ऋण रकममा थप एक अरब तेत्तीस करोड रूपैयाँमा नबढ्ने गरी त्यतिसम्म रकमको राष्ट्रऋण उठाउन सक्नेछ ।

२.२ उपदफा २.१ अन्तर्गत उठाइएको राष्ट्रऋणको साँवा र ब्याज भुक्तानी गर्ने अवधि र सो ऋणको ब्याजको दर राष्ट्रऋण ऐन, २०१७ बमोजिम हुनेछ ।

लालमोहर सदर मितिः– २०४५।६।२६।४

आज्ञाले,
ईश्वरबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।